प्राचीन नेपाल

पुरातत्त्व विभागको द्वैमासिक मुखपत्र

सम्पादक

रमेशजङ्ग थापा

संख्या ६१–६४, पुस २०३७—श्रावण २०३८

प्रकाशक:

श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग, काठमाडौं, नेपाल

ANCIENT NEPAL

Journal of the Department of Archaeology

Edited by

Ramesh Jung Thapa

Number 61-64 December 1980-July 1981

Published by

Department of Archaeology, His Majesty's Government, Kathmandu, Nepal.

प्राप्ति स्थान–
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Shaja Prakasan
Pulchok Lalitpur

मूल्य रू. १०।–

Price Rs. 10/-

Printed at: Matribhoomi Press, Ghantaghar, Kathmandu.

प्राचीन नेपाल
संख्या ६१-६४
पुस २०३७-श्रावण २०३८

Ancient Nepal
Number 61-64
Dec. 1980-July 1981

सम्पादक
रमेशजंग थापा

Editor
Ramesh Jung Thapa

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 61 - 64, Dec. 1980 - July 1981, Push 2037 - Shravan 2038

विषय सूची

Contents

पृष्ठ

नेपालमा मानव जातिको पुर्खा
-जनकलाल शर्मा १

कर्णाटवंशी र मल्लराजवंशीको सम्बन्ध हुनामा केही घटना
-शङ्करमान राजवंशी १६

ऐतिहासिक पत्रस्तम्भ २८

English Section

NEPAL
-Sylvain Levi 1

The Cult of Bhimasena
Dr. Jagadish Chandra Regmi 35

114 EP

CORNELL UNIVERSITY LIBRARIES ITHACA N.Y.

नेपालमा मानव जातिको पुर्खा

-जनकलाल शर्मा

SUMMARY

It was reported in the Rising Nepal and Gorkhapatra on March 27, 1981 that fossil remains of Ramapithecus were found in a place near Butwal, Lumbini zone of western Nepal in December 1980. An attempt has been made in this article to present a comprehensive study of the Ramapithecus discovered by Dr. J. H. Hutchison with the Ramapithecus discovered by G. E. Lewis and Kenyapithecus (Ramapithecus) discovered by L.S.B. Leakey. Relative and absolute methods of dating have also been discussed. The Ramapithecus has been studied from the point of view of the development of Hominid and it has been proved that the Ramapithecus is the first in this chain, which existed abaut 14 million to 8 million years ago.

२०३७ साल चैत्र १४ गते शुक्रवारको दैनिक गोरखापत्रको अग्रभागमा एउटा खबर छापिएको थियो जसमा मानवजातिको पुर्खा 'रामपिथेकस' को अवशेष पश्चिमी नेपालको बुटवलको छेउमा हालै पाइयो भनिएको थियो । यसैप्रकार यही समाचार उसै दिन अर्थात २७ मार्च १९८१ का अंग्रेजी दैनिक समाचारपत्र 'दि राइजिङ्ग नेपाल'मा पनि छापियो । यी दुबै पत्रिकामा यसलाई अहिलेसम्म प्राप्त भएका मानिसका पूर्वजका अवशेषमा विश्वकै लागि यो दोस्रो र एशियामा यो पहिलो हो भनिएको थियो । गोरखापत्र र राइजिङ्ग नेपालमा छापिएका समाचारलाई नै यहाँ पहिलो आधार बनाएर यस विषयमा चर्चा गर्न लागिएको छ ।

राइजिङ्ग नेपालका अनुसार नेपाल र संयुक्तराज्य अमेरिकाको संयुक्त वैज्ञानिक अन्वेषण दलले गतवर्ष (१९८०) को दिसेम्बर महीनामा तिनाउ खोलाको किनार बुटवलभन्दा केही माइल पर पहरामा टाँसिएको रामपिथेकसको माथिल्लो पट्टिको बँगाराको देब्रे तिरको दाँत प्राप्त गरेको हो । यसलाई पाउने पहिलो श्रेय डा० जे०एच० हट्चिसन (Hutchison-40) लाई छ । अन्वेषण दलका अन्य सदस्यहरूमा संयुक्तराज्य अमेरिकाका तर्फबाट डा० जेम्स मुन्थे र उनकी श्रीमती डा० के० मुन्थे थिए । नेपालका तर्फबाट कसले भागलिएको थियो त्यो राइजिङ्ग नेपालमा दिइएको छैन तर गोरखापत्रमा डा० जेम्स मुन्थेले नेतृत्व गर्नुभएको सो टोलीमा मिलाकी सार्वजनिक म्यूजियमका डा० आर०एम०वेल्ट, क्यालिफोर्निया विश्वविद्यालयका डा० हट्चिसन थिए भने नेपालका तर्फबाट त्रिभुवन विश्वविद्यालयका विष्णु डंगोल रहनु भएको देखिन्छ ।

यस अन्वेषणमा पाइएको रामपिथेकसको दाँत एक सेण्टिमीटर चौडा र एक सेण्टिमीटरभन्दा केही थोरै

लामो थियो । यसरी पाइएको दाँत पहराबाट निकाल्दा तीन टुक्रा भएर आयो र त्यसलाई टाँस्न तथा कडा बनाउन अमेरिका पठाइयो । त्यो दाँत अहिले अमेरिका-बाट फिर्ता आएको हुँदा त्यो र त्यसका साथमा वा त्यस ठाउँको आसपासमा पाइएका अन्यवस्तु समेत 'प्राकृतिक विज्ञान संग्रहालय (Natural History Museum)' स्वयंभूमा राखिएको छ ।[1]

रामपिथेकस (Ramapithecus) अश्मीभूत अस्थि अवशेषको रूपमा पाइएको मानवानुगणमा गणना हुने दुर्लभ प्राणी हो र यो सीधै मानवको पूर्वजमा पर्दछ भन्ने विश्वास गरिन्छ । यस्ता दुर्लभ प्राणीका अवशेष यसभन्दा पहिले अफ्रिकाको केन्या, पाकिस्तान, भारत र चीनमा नमूनाकै रूपमा साह्रै थोरै मात्रामा पाइएका छन् । जिनमा धेरैजसो नमूना अशीलाख वर्ष पुराना छन् । शारीरिक दृष्टिले रामपिथेकस मध्यम आकारमा आउने प्राथमिक वर्गको प्राणी हो । यसको उचाई प्राचीनकालका मानिस र वनमान्छे (Orangutan), मेध्यवानर (Chimpanzee) तथा भीमवानर (Gorilla) जस्तै चारफूट अर्थात् एकमीटर जति हुन्छ ।

मानवको पुर्खा मानिने यस्तो प्राणीलाई कसरी रामपिथेकस भन्ने नामकरण गरियो त्यस विषयमा विचार गर्नु आवश्यक छ । यल (Yale) विश्वविद्यालयका जी० ई० लेवीज (Lewis) नामक व्यक्तिले १९३० ईस्वीमा भारतको सिवालिक पर्वतमा उत्खनन गराएका थिए जहाँ निकै फराकिलो भएर घुमेर बसेका केही बंगारा (Wide-Curving Jaw) फेला पारे जुन धनुषाकार च्यापु (Arched-Palate) मा टाँसिएका थिए । यसको तालु अर्थात् मुखभित्रको माथिल्लो भागको च्यापु ठ्याक्कै मानिससंग मिल्ने देखिन आयो । उनले आफूले प्राप्त गरेको यस वस्तुलाई रामपिथेकस भन्ने नामकरण गरे र यसरी प्राप्त भएको त्यो वस्तु मध्यनूतनाश्म युग (Miocene Epoch)[2] को अन्त्यमा पाइने अपुच्छ (Ape) प्राणीको हो भन्ने पनि निष्कर्षमा आए । यो वंश वेग्लै प्रजातिको मात्र होइन अपितु यो मानवजस्तै (Man-Like) समूहमा पर्दछ पनि भने । यसलाई शुरूमा ब्रामपिथेकस (संगवतः ब्रह्मपिथेकस) पनि भनिन्थ्यो तर त्यो पछि गएर रामपिथेकसकै नामले प्रसिद्ध भयो । इनसाइक्लोपिडिया ब्रिटानिकाको १९७९ ईस्वीको संस्क-रणमा जी०ई० लेवीजले रामपिथेकस प्राप्त गरेको १९३४ ईस्वीमा हो भनिएको छ । उनले प्राप्त गरेको समय कहीं १९३० र कहीं १९३४ हुनुको तात्पर्य लेवीजले अन्वेषण, उत्खनन गरेको समय यी दुवैका बीचको हुनुपर्दछ भन्नु उपयुक्त होला ।

लेवीजले रामपिथेकसको अस्थि अवशेष प्राप्त गरेको पचीस वर्षपछि प्रोफेसर एन० एस० बी० लीके (Leakey) लाई रामपिथेकसको जस्तै अर्को अवशेष अफ्रिकाको केन्यामा पाउने सौभाग्य मिल्यो ।[3] उनले प्राप्त गरेका वस्तुमा माथिल्लो भागको च्यापु र बंगारा थिए । लीकेले यी वस्तु अफ्रिकाको केन्यामा प्राप्त गरेको हुँदा यसको नाम पहिले केन्यापिथेकस भन्ने राखियो । केन्यामा प्राप्त भएको यस प्राणीका अवशेष भारतको रामपिथेकससित मिल्दो-जुल्दो हुनाले पछि गएर यसको नाम पनि रामपिथेकस नै रहन गयो र ती प्रायः समसामयिक नै हुन् भन्ने निष्कर्ष पनि आयो । यसको पहातु-मन्दाति कालनिर्धारण विधि (Potassium-Argon Dating Method) बाट परीक्षण गर्दा अफ्रिका-को केन्यामा पाइएको रामपिथेकसको समय आजभन्दा एककरोड चालीसलाख (14 Million) वर्ष अघिको देखिन आयो । त्यसैकारण अफ्रिकाको केन्यामा पाइएको रामपिथेकस अहिलेसम्म सबैभन्दा जेठो ठहरिन आएको छ । भारतमा पाइएको रामपिथेकस वा ब्रामपिथेकस र केन्यामा पाइएको रामपिथेकस भनिने केन्यापिथेकस (Kenyapithecus) को तुलनात्मक अध्ययनद्वारा यल

---

१) फलक १ 'क' मा हेर्नुहोस् । नेपालमा पाइएको रामपिथेकसको दाँत ।
२) परिशिष्ट १ मा हेर्नुहोस् ।
३) केन्यामा पाइएको रामपिथेकसको पुनर्निर्मितरूप । रामपिथेकसको यो पूनर्निर्मित रूप Man Before History को पृष्ठ २३ बाट उद्धृत गरिएको हो ।



क. बुटवल रामपिथेकसको माथिल्ला पट्टिको देब्रे बँगाराको दाँत, हेर्नुहोस:- पृष्ठ २ तथा पादटिप्पणी—१
(सौजन्य: प्राकृतिक विज्ञान संग्रहालय,नेपाल)
(छविकार: श्री सानुराज शाक्य)



ख. रामपिथेकसको पुनर्निर्मितरूप
(Reconstructed Form Of Ramapithecus Or Kenyapithecus),
हेर्नुहोस्:-पृष्ठ २ तथा पादटिप्पणी-३
(छविकार: श्री चिनियाँरत्न ताम्रकार)


PLAN
N
CHURIA HILL
MASEM
DOBHAN
SIDDHARTHA RAJMARG
TINAU RIVER
BUTWAL POWER HOUSE INTAKE
BUTWAL
CHURIA HILL
NORTH
SECTION
SOUTH
MASEM
EOCENE FORMATION
UPPER CHURIA FORMATION PLEISTOCENE
LOWER CHURIA FORMATION MIDMIOCENE
MAIN BOUNDARY FAULT
CHERTY DOLOMITE
SIDDHARTHA RAJMARG
BUTWAL
SCALE
LOCATION OF RAMAPITHECUS
HORIZONTAL
1 MILE
VERTICAL
2000 FT.
PARTICULAR-LOCATION OF BUTWAL RAMAPITHECUS INFORMED BY DR. JENS MUNTHE. (1980 A.D.)
GEOLOGICAL SKETCH BY DR. C.K. SHARMA.
TRACED BY MR. HARIMAN AMATYA.
DEPT. OF ARCHAEOLOGY

विश्वविद्यालयका एलविन सिमोन्स (Elwyn Simons) ब्रामपिथेकस र रामपिथेकस एउटै प्रजातिका हुन् भन्न समर्थ भए । मानिसको च्यापु तलमाथि दुवैको आकार धनुष (Arch) जस्तो घुमेको हुन्छ भने पशुको रोमन अक्षरको यू (U) आकारको हुन्छ । पशुका अग्रभागका टोक्ने दाँत तथा कुकुरदाँत (Canine Teeth) दुवै लामा हुन्छन् भने मानिसका यी दाँत छोटा हुन्छन् । रामपिथेकस नामक प्राणीका च्यापु र कुकुरदाँत मानिससित मिल्दाजुल्दा छन् । त्यसकारण पनि यस प्राणीलाई मानवजस्तो (Man-Like) भनिएको हो । हालै नेपालमा पाइएको बुटवलपिथेकस (Butwalpithecus) को लक्षण भारतको रामपिथेकस र उत्तरपूर्वी अफ्रिकाको केन्यामा पाइएको केन्यापिथेकस अर्थात् रामपिथेकससित मिल्दोजुल्दो भएको हुँदा यसको नाम पनि रामपिथेकस नै राखिएको हो ।

यस्ता अश्मीभूत अस्थि अवशेष (Fossilize Bone Remains) को अध्ययनमा कालनिर्धारण(Dating) को पनि ठूलो महत्त्व हुन्छ । कालनिर्धारण दुई प्रकारले गरिन्छ जसलाई सापेक्ष (Relative) र निरपेक्ष वा स्वतन्त्र (Absolute) कालनिर्धारण विधि (Dating Technique or Method) भनिन्छ । सापेक्ष कालनिर्धारण विधिमा त्यस्ता अश्मीभूत अस्थि अवशेषका साथमा पाइएका अन्य जीवजन्तु र वनस्पतिसित तुलना गरेर हेरिन्छ । यस्ता जीवजन्तु र वनस्पतिको अध्ययनबाट भूगर्भशास्त्री र पुरासत्त्वशास्त्री (Paleontologist) हरूले कालनिर्धारण गरिसकेका छन् । यस्तै वस्तुसित आफूले प्राप्त गरेका वस्तुको तुलना गरेर कालनिर्धारण गरिन्छ । यस्ता विधिबाट भूगर्भको लामो काललाई गर्न समर्थ भइएता-पनि यदाकदा यसमा पनि समस्या पर्न आउँछ । उदाहरणका लागि यूरोप र अफ्रिकामा पाइने ठूला हात्ती वा महागजलाई नै लिन सकिन्छ । जुन समय यस्ता हात्ती अफ्रिकामा जीवित अवस्थामा प्राप्त हुन्छन् त्यस समयभन्दा धेरै पहिले यूरोपमा त्यस्ता प्राणी विलुप्त भइसकेका देखिन्छन् । त्यसैप्रकार अफ्रिका र एशियाको अवस्था पनि हुनसक्छ । वनस्पतिको परिवर्तनको अवस्था यो भन्दा पनि छोटो हुन्छ जसले गर्दा हामीले चाहेको ठीक समय निकाल्न कठिन हुन्छ । यसकारण स्वतन्त्र कालनिर्धारण विधिका विषयमा पनि चर्चा गरेर हेर्नु आवश्यक होला । सापेक्ष कालनिर्धारण विधिभन्दा स्वतन्त्रकाल निर्धारण विधि निकै भरपर्दो देखिन आउँछ । यस विधिको पहिलो आविष्कर्ता मिलानकोभिच (Milankovitch) नै हुन् जसले गणितको आधारमा सौररश्मि-विकिरण (Solar Radiation) को हिसाब गरेर प्रातिनूतनाश्म (Pleistocene)[4] भित्रको हिमयुगको समयलाई स्थिर गरेर देखाए । उनको सिद्धान्त अनुसार प्रातिनूतनाश्म भित्रपर्ने प्रथम हिमयुग आजभन्दा ६ लाख वर्ष पहिले प्रारम्भ भएर अन्तिम हिमयुग आजभन्दा पच्चीसहजार वर्ष पहिले आएर टुंगिन्छ । आजको हिसाबमा प्रातिनूतनाश्म भित्र पर्ने अन्तिम हिमयुग आजभन्दा पच्चीसहजार वर्ष पहिले होइन आजभन्दा दशहजार वर्ष पहिले समाप्त हुन्छ । उनको यो गणना त्यसभन्दा पहिलेका भूगर्भशास्त्री-हरूले स्थिर गरेको आजभन्दा साठीहजार वर्ष पहिले प्रारम्भ हुने प्रातिनूतनाश्मको प्रथम हिमयुगको आयुभन्दा उनको ६ लाख वर्ष पहिले प्रारम्भ हुने प्रातिनूतनाश्मको प्रथम हिमयुगको गणना आजको तथ्यभन्दा धेरै टाढा गएको छैन । हिमनदीको वार्षिक द्विमलावसाद (Varve) को गणनाबाट पनि कालनिर्णय गर्न सकिन्छ । यस विधिका आविष्कर्ता मध्ये फिनल्याण्डका पुरासत्त्वशास्त्री कर्टेन (Finnish Paleontologist Kurten) पनि एक हुन् । उनले दक्षिणी जर्मनीका हिमनदीको अध्ययन गरेर तिनका अवस्थाको नाम पनि स्थानीय भाषामा नै राखे जसलाई क्रमशः गुन्ज (Gunz), मिण्डेल (Mindel), रिस (Riss) र वुर्म (Wurm) भनिन्छ । उनले अध्ययन गरेको समय पनि प्रातिनूतनाश्मकै हो । यी चार हिमयुगका बीचमा पर्ने अन्तरहिमयुगलाई क्रमशः प्रथम अन्तर हिमयुग (Gunz-Mindel), द्वितीय अन्तरहिमयुग (Mindel-Riss) र तृतीय अन्तरहिमयुग (Riss-Wurm) भनिन्छ ।[5] प्रातिनूतनाश्म (Pleistocene) भित्र पर्ने चार हिमयुग र तीन अन्तरहिमयुगभन्दा पहिले पर्ने प्रातिनूतनाश्मको समयलाई पूर्वहिमानी (Villafranchian) र तिनभन्दा पछि आउने युगलाई हिमान्युत्तर (Post-Glacial)[6] भनिन्छ । अहिले प्रसंगवश

४, ५) परिशिष्ट १, २ मा हेर्नुहोस् । ६) परिशिष्ट२ मा हेर्नुहोस् ।

चर्चा गरिएका मिलानकोभिच र कर्टेनको हिसाबले आज-भन्दा पचासलाखदेखि चालीसलाख वर्ष पहिले प्रारम्भ भएर आजभन्दा दशहजार वर्ष पहिले समाप्त हुने प्राति-नूतनाश्मको समयभित्र पर्ने आजभन्दा दशलाख वर्ष पहिले प्रारम्भ भएर आजभन्दा दशहजार वर्ष पहिले समाप्त हुने हिमयुगको समयलाई मात्र प्रतिनिधित्व गर्दछ । अतः यस सिद्धान्तले त्यसभन्दा पहिलेको कालनिर्धारणलाई सघाउ पुऱ्याउँदैन । स्वतन्त्र कालनिर्धारणमा वृक्षवृत्त गणनविधि (Dendrochronology) आदि अनेक विधि छन् जसको चर्चा यहाँ त्यति आवश्यक छैन । कारण यी विधिको आधारमा पनि हामी धेरै अघि पुग्न सक्तैनौं ।

अहिलेसम्म कालनिर्धारणका लागि जति विधि आविष्कार भएका छन् तिनमा परमाणु भौतिक विज्ञान (Atomic-Physics) द्वारा प्रतिपादित गरिएको स्वतन्त्रकाल निर्धा-रण सबभन्दा भरपर्दो देखिन आएको छ । यस विधिको आविष्कर्तामा संयुक्तराज्य अमेरिका नै प्रथम सूचीमा आउँछ । द्वितीय विश्वयुद्ध पछि संयुक्तराज्य अमेरिकाले पुरातत्त्वको क्षेत्रमा एउटा कालनिर्धारण विधिको आविष्कार गऱ्यो जसलाई तेजोद्गिर प्रांगारिक कालनिर्धारण विधि (Radioactive-Carbon Dating Method) भनिन्छ । तेजोद्गिर प्रांगारिक कालनिर्धारण विधिको ज्ञातांश (Known-Rates) को सस्थानी (Isotope) चौध भएको हुँदा यो प्रांगार-१४ (Carbon-14) का नामले प्रसिद्ध छ । यस सिद्धान्त अनुसार हरेक जैविक पदार्थमा प्रांगारिक अंश हुन्छ र त्यसमा कति ज्ञातांश (Known-Rates) तेजोद्गिर सस्थानी (Radioactive Isotope) को क्षय (Decay) भयो त्यसको हिसाब गरेर यो यसकालको हो भन्ने निर्णय गरिन्छ । भनाइको तात्पर्य हो हरेक जीवित पदार्थले आफ्नो जीवनकालमा वातावरणबाट तेजोद्गिर प्रांगार-१४ सस्थानी (Radioac-tive Carbon-14 Isotope) लिएको हुन्छ । जब त्यो वस्तु मर्दछ त्यस अवस्थामा प्रांगार-१४ सस्थानी लिन छोड्दछ । यसरी मृतवस्तुले प्रांगार १४ लिन छोड्ने मात्र होइन अपितु सस्थानीको क्षय (Isotopes Decay) पनि विस्तारै भएर जान्छ । हामीलाई क्षय हुने अवधि थाहा भएको हुँदा त्यस्ता वस्तुको मृत्युका समय बाँकी रहेको सस्थानी (Isotope) को आधारमा गणना गर्न सकिन्छ । यसरी गणना गर्दा त्यसमा सस्थानीको क्षय हुन लागेको समय निस्कन्छ । क्षय हुन लागेको समयको गणना गर्दा गर्दै वस्तो अवस्थामा पुगिन्छ जहाँ गएर सस्थानीको उपस्थिति ज्यादै कम अथवा त्यसको अभाव नै हुन्छ वा भनौं त्यसमा सस्थानी हुँदै नहुने अवस्था पनि आउँछ । सस्थानीको वस्तै अवस्थाको गणनाबाट एउटा युक्तिसंगत समय निकाल्न सकिन्छ । वस्तो परिणाम साधा-रणतया चारहजारदेखि पचासहजार वर्ष भित्रको हुन्छ र त्यसलाई बढाएर सत्रीहजार वर्षसम्म पनि पुऱ्याउन सकिन्छ । बितेको समय जति लामो हुँदै जान्छ त्यसमा त्यति नै समयमा अशुद्धिको मात्रा (Margin of Error) पनि बढेर जान्छ । तर बीसहजार वर्षको गणनामा अशुद्धिको मात्रामा दुइसय वर्षको अन्तर आउनु कुनै अचम्म्य कुरा होइन । किन्तु मध्यकालीन इतिहासको गणनाका लागि भने यो कालनिर्धारण विधि अनुपयोगी नै सिद्ध भएको छ ।

पुरातत्त्वको क्षेत्रमा प्राप्त भएका सबै वस्तु प्रांगा-रिक-१४ को परीक्षणका लागि उपयोगी सिद्ध हुँदैनन् । प्रांगारिक-१४ को परीक्षणमा आगो लागेको वा आगो बालेको ठाउँको गोल अर्थात् कोइला, हाड, मिर्गको सींङ, घूँगी वा सिपीको खपटा लिइन्छ । तर यसमा अन्तिम वस्तु अर्थात् घूँगी वा सिपीको खपटा परिणाम प्राप्त गर्न त्यति उपयुक्त मानिंदैन ।

प्रांगारिक परीक्षणमा त्यसका लागि जम्मा गरि-एको नमूनाको ठूलो महत्त्व हुन्छ । यस्तो नमूना संग्रह गर्दा त्यसमा कति सावधानी राखिएको छ त्यसले पनि मान्यता प्राप्त परिणाममा प्रभावित पार्दछ । यसको पहिलो कारण हो नमूना प्राप्त गर्दा हुन आउने वातावरणको संसर्गबाट हुने प्रदूषण (Contamination) । संसर्ग-जन्य प्रदूषणबाट जोगाउन संसर्ग गराउने कारण जान्नु आवश्यक हुन्छ । नमूना संग्रह गर्दा त्यस्ता वस्तुले त्यहाँ भएको वर्तमान वातावरणबाट प्रांगार-१४ तत्काल ग्रहण गर्न सक्तछन् । त्यसकारण नमूनालाई हातले नछोइकन उपयुक्त पात्रमा तुरून्त बन्द गर्नुपर्दछ । यसो नगर्नाले पनि कालनिर्धारणमा प्रभाव पर्दछ । उदाहरणका लागि रुखका जरालाई नै लिन सकिन्छ । आधुनिक रुखका

जराले प्रशस्त पानी ग्रहण गरेको हुन्छ । त्यस्ता रूखको जरा भएका ठाउँको नमूना कालनिर्धारणका लागि उपयुक्त मानिदैन । कस्तो वस्तुमा नमूना पोको पारिएको छ वा राखिएको छ त्यसले र जहाँबाट नमूना संग्रह गरिएको छ त्यस ठाउँदेखि प्रयोगशालामा नमूना नपुगेसम्म नमूना त्यहाँ पुऱ्याउन कस्तो परिवहनको साधन प्रयोग भएको छ त्यसले पनि नमूनालाई प्रदूषित गराउन सक्तछ । त्यसकारण नमूना संग्रह र प्रयोगशालामा पुनुभन्दा पहिलेसम्मको अवस्थालाई हेलचेक्र्याइँको दृष्टिले हेर्नु हुँदैन । जुन समय प्रांगारिक कालनिर्धारण विधिको आविष्कार भयो त्यस बेला त्यस्ता गल्तीहरू भएका थिए जसबाट प्रांगारिक परीक्षणमा पत्याउने नसकिने नयाँ नयाँ काल पनि यसबाट आउन थाले । कालनिर्धारणमा यस्ता अविश्वसनीय परिणाम आउनुमा तिनै गल्तीहरूको प्रभाव हो भन्ने निष्कर्षमा वैज्ञानिकहरू पुगे । त्यसकारण आजकाल नमूना संग्रह, पोको पार्ने तरीका र प्रयोगशालामा पुऱ्याउने साधन आदिमा सावधानीपूर्वक ध्यान दिइन्छ । सावधानीपूर्वक प्रयोगशालामा पुऱ्याइएको नमूनाबाट स्वीकार-योग्य काल आउन सक्तछ र त्यसमा कुनै सन्देह रहँदैन ।

पुरातत्त्व र पुरासत्त्व (Paleontology) को क्षेत्रलाई हेर्दा प्रांगारिक-१४ को कालनिर्धारण विधिले त्यस क्षेत्रको लामो समयमा ज्यादै नयाँ अवस्थाको १०% समयलाई मात्र ओगटेको पाइन्छ । साधारणतया प्रांगार-१४ को परीक्षण विधिले चारहजारदेखि पचास-हजार वर्षसम्मको समयलाई ओगटेको हुन्छ भने यसको सबभन्दा माथिल्लो काल सत्तारीहजार वर्षसम्म पुग्दछ ।

प्रांगार-१४ विधिको आविष्कार हुनुभन्दा पहिले स्वतन्त्र कालनिर्धारणको क्षेत्रमा दहातु-मन्दाति (Potassium Argon or K/Ar) परीक्षण विधि प्रसिद्ध थियो । ज्वालामुखीको विष्फोटनबाट निस्केको चट्टान वा लावामा कम मात्रामा दहातुमन्दाति सस्थानी-४० (Potassium-Argon Isotope-40) हुन्छ जो ज्ञातांश (Known Rate) मन्दाति-४० (Argon-40 मा पुगेपछि क्षय (Decay) हुँदै जान्छ । यस विधिको आधा अवस्था प्रांगार-१४ को भन्दा ज्यादै अधिक हुन्छ । त्यसैकारण धेरै समय अधिको समयका वस्तुको कालनिर्धारण गर्नु-पऱ्यो भने दहातुमन्दातिको कालनिर्धारण विधि उपयोगी सिद्ध हुन आउँछ । तर खेदको कुरा के छ भने जहाँ प्रांगार-१४ को सबभन्दा पुरानो काल करीब ७०-५० हजार वर्ष हुन्छ त्यहाँ दहातुमन्दातिको कालनिर्धारणमा सबभन्दा नयाँकाल करीब ६ लाख वर्षको हुन्छ र सबभन्दा पुरानो काल साढे चार अरब वर्ष अर्थात् पृथ्वीको सृष्टि भएका समयसम्म पनि पुग्दछ । प्रांगार-१४ र दहातुमन्दाति-४० को कालनिर्णय विधिले त्याएको सत्तारी-हजार वर्षभन्दा माथि र ६ लाख बर्षभन्दा मुनाको समयभित्र करीब पाँचलाख वर्षको अन्तर देखिन आयो । यसै अन्तरभित्र रहेको समय मानिसको साँस्कृतिक र शारीरिक विकासका लागि ज्यादै महत्त्वपूर्ण मानिन्छ । यस अन्तरको समयलाई कालनिर्धारण गर्न वैज्ञानिकहरूले दहातुमन्दाति परीक्षण विधिकै आधारमा अर्को सस्थानी विधि (Isotope Method) को आविष्कार गरेका छन् जसलाई हुसातु/किरणातु (Thorium/Uranium) र स्तनपोषीवाश्म/हुसातु (Prolactinium/Thorium) सस्थानी (Isotope) विधि भनिन्छ । यस विधिबाट पहिले उल्लेख गरिएको ५ लाख वर्षको अन्तरलाई पूरा गरिन्छ । दहातुमन्दाति-४० र प्रांगार-१४ को काल निर्धारण विधिले काम नदिएका ठाउँमा यो अर्को परीक्षण विधि बढी उपयोगी सिद्ध भएको छ ।

स्वतन्त्र कालनिर्धारण विधिका क्षेत्रमा भूगर्भ-शास्त्री र पुरासत्त्व-शास्त्रीका लागि अर्को विधि पनि छ जसलाई पुराचुम्बकीय विधि (Paleo-Magnetic Method) भनिन्छ । यस विधिमा चुम्बकीय यन्त्रद्वारा जुन वस्तुको कालनिर्णय गर्नु छ त्यसमा चुम्बकीय आकर्षण कति छ त्यसको हिसाब यन्त्रले देखाएको जति पहिले टिपिन्छ । यसपछि त्यस वस्तुको केही भाग आगोमा राखेर तताइन्छ । यसरी तताउँदा त्यसलाई तताउने तापक्रम क्यूरिबिन्दु (Curie Point) सम्म पुऱ्याइन्छ र त्यसलाई पुनः यन्त्रद्वारा परीक्षण गरिन्छ । तताउनुभन्दा पहिलेको र तताइसकेपछिको अवस्थामा चुम्बकीय शक्तिमा कति अन्तर पऱ्यो त्यसमा क्षयांश (Decay Rate) को हिसाब गरेर कालनिर्धारण गरिन्छ । प्रांगार-१४, दहातुमन्दाति-४० र हुसातु परीक्षण विधि-को तुलनामा यसको हिसाब केही हुचुवा किसिमको

हुन्छ । तर भरपर्दो नसकिने कालनिर्धारण विधि भने यो होइन ।

अहिलेसम्म कालनिर्धारण विधिका विषयमा हामीले जुन चर्चा गऱ्यौं त्यो रामपिथेकसको प्रसंगमै गरेका थियौं । हाम्रो मूल उद्देश्य रामपिथेकस हो र कालनिर्धारण त्यसलाई सहयोग पुऱ्याउने अर्को पक्ष हो । प्रोफेसर एल०एस०बी० लीकेले अफ्रिकाको केन्यामा प्राप्त गरेको रामपिथेकसको कालनिर्धारण दहातुमन्दातिको आधारमा गरिएको थियो भन्ने कुरा पहिले नै चर्चा भइसकेको छ । दि राइजिङ्ग नेपालका अनुसार पश्चिमी नेपालको बुटवलको छेउमा पाइएको रामपिथेकसको कालनिर्धारण पुराचुम्बकीय विधि (Paleomagnetic Analysis) द्वारा गरिएको हो । केन्याको रामपिथेकस आजभन्दा एककरोड चालीसलाख वर्ष पुरानो हो भने नेपालको रामपिथेकस एककरोडभन्दा अधिको अर्थात् एककरोड दशलाख वर्ष पुरानो ठहरिन आएको छ । भारत र एशियाका अन्य मुलुकमा पाइएका अरू रामपिथेकस नेपालको रामपिथेकसभन्दा पछिको देखिन आएकाले नेपालको रामपिथेकसलाई विश्वमा दोस्रो र एशियामा पहिलो भनिएको हो ।

मानवसित केही लक्षण मिल्ने यस्ता प्राणीलाई मानवका पुर्खा हुन् कि भन्ने विचार जनसमक्ष आउन थालेको इतिहासलाई केलाउने हो भने त्यो मोटामोटी रूपमा एक सय शताब्दी जति लामो होला । जुन समय पुरासत्त्व र भूगर्भशास्त्री समेतका केही विद्वानहरू यस कार्यमा लागेका थिए त्यस समय यूरोपमा पुराणपन्थीहरूको बोलवाला थियो । सीमित विद्वान् बाहेक समस्त जनतामा आयरल्याण्डका आर्च विशप जेम्स उशर (Archbishop James Ussher)का सिद्धान्तको प्रभाव थियो । जेम्स उशरले बाइबिलको ओल्ड टेस्टामेण्टलाई व्याख्या गरेर एउटा रचना १६५० ईस्वीमा जनसमक्ष ल्याएका थिए । यस व्याख्या अनुसार विश्वको रचना ईसापूर्व ४००४ मा भएको थियो । समस्त विश्वको रचना हुन जम्मा ६ दिन लाग्यो र छैटौं दिनमा अन्तिम सृष्टिको रूपमा आदम अवतरित भए । बाइबिलको ओल्ड टेस्टामेण्टका अनुसार आदम नै मानवजातिको पहिलो पुरुष हो । आर्च विशप जेम्स उशरले विश्व सृष्टिको साल मात्र प्रस्तुत गरेका थिए भने उनैका समसामयिक क्याम्ब्रिज विश्वविद्यालयका उपकुलपति डा० विशप लाइटफूट (Bishop Lightfoot)ले बाइबिलको स्वतन्त्र अध्ययन गरेर विश्वको सृष्टि प्रारम्भ भएको दिन र समय २३ अक्टोबर बिहान ९ बजे ४००४ ईसापूर्वमा हो भनेका थिए । डा० मार्गरेट मुरे (Dr. Margaret Murray)ले त्यसमा अझै संशोधन गरेका छन् । उनका अनुसार २३ अक्टोबर बिहान ९ बजे होइन मार्च २१ तारिख बिहान ६ बजे बुधवार ४००४ ईसापूर्वमा विश्वको रचना प्रारम्भ भएको हो । पाश्चात्य जगतका जनतामा यस्तो पुराणपन्थी विचारको प्रबलता हुँदाहुँदै पनि त्यसको विपरीत केही विद्वान्ले प्राक्मानवको अध्ययनलाई अघि बढाए । प्रोफेसर एल०एस०बी० लीके जस्ता यूरोपीय विद्वान्ले वानरजस्तो प्राणीलाई बाइबिलको आदिपुरुष आदमका पुर्खा भनेर आफ्नो पुस्तकको नाम 'Adam's Ancestors' भन्ने राख्नु पुराणपन्थीलाई व्यंग्य गर्नु बाहेक अरू केही हुनसक्दैन । उनको यो पुस्तक सर्वप्रथम १९३४ ईस्वीमा लन्दनबाट प्रकाशित भएको थियो ।

प्राक्मानवको चर्चा गर्नासाथ विकासवादको स्मरण हुन्छ । यस सिद्धान्तका प्रबल प्रवर्तक आचार्य मध्ये चार्ल्स डार्विनको नाम सर्वोपरि आउँछ । १८५९ ईस्वीमा 'जातिवर्गको विकास' (On the origin of Species) नामक आफ्नो पुस्तक प्रकाशित गराएपछि त विकासवादको क्षेत्रमा आचार्य डार्विनले अन्तिम लालमोहर नै लगाइदिए भने पनि हुन्छ । उनको पुस्तक प्रकाशित भएपछि पौराणिक मान्यताका अनुयायीहरूले त्यसको खूब आलोचना गरे र आज पनि गर्दैछन् । तर यसको सिद्धान्त प्रतिपादनमा आधारभूत कुरा तुलनात्मक अध्ययन रहेकोले आँखा चिम्लेर मान्दिन भन्न पनि कसैले पाउँदैन । विकासवादीहरू आफ्नो मत प्रतिपादन गर्न तुलनात्मक शरीर विज्ञान (Comparative Anatomy), गर्भविज्ञान (Embryology), पुरासत्त्वशास्त्र (Paleontology) र जीवरसायनशास्त्र (Biochemistry) को सहयोग लिन्छन् भने कालनिर्धारणका लागि परमाणु भौतिक विज्ञान (Atomic Physis) को पनि सहयोग लिन चुक्तैनन् । तुलनात्मक शरीर विज्ञानबाट कुन-कुन प्राणीका शरीरका

हाडमा कस्तो समानता छ, दाँत र मस्तक वा च्यापुमा के भिन्नता वा समानता छ त्यसको तुलनात्मक अध्ययन गर्न सकिन्छ । गर्भविज्ञानको सहयोगबाट शरीरको कुन भागमा भिन्नता छ त्यस्ता अवयवमा भिन्नता हुँदाहुँदै पनि कुन-कुन प्राणीमा गर्भावस्थाको समानता पाइन्छ त्यसको ज्ञान हुन्छ । पुरासत्त्वशास्त्रले सुदूरभूतमा रहेका प्राणीको अश्मीभूत अस्थि अवशेषको अध्ययनमा त्यसैसंग मिल्ने आजको प्राणीसित तुलना गर्ने काममा सहयोग पुऱ्याउँछ र त्यसै प्रकार जीवरसायन शास्त्रले कुन-कुन प्राणीको रक्तमा समानता वा विषमता पाइन्छ त्यसको ज्ञान गराउँछ । उदाहरणका लागि वानर र मनुष्यको शारीरिक रचनामा भेद छ तापनि यिनका अस्थि रचना अर्थात् हाडको बनावट तथा दाँत र मस्तकको रचनामा केही समानता पाइन्छ । यसबाहेक गर्भको प्रकृति पनि मिल्दछ र रक्तमा पनि किञ्चित् समानता देखिन्छ । यस्तै तुलनात्मक अध्ययनको आधारमा प्राक्मानवको उदय वानर वा यस्तै प्राणीबाट भएको हुनुपर्दछ जसलाई आजका मानवको पुर्खा भन्न सकिन्छ भन्ने तर्क विकासवादीहरूले प्रस्तुत गरे । उनीहरू मानवसित मिल्ने त्यस्ता प्राणीलाई सामूहिक रूपमा 'प्राथमिक वर्ग' भन्दछन् । प्राथमिकवर्ग (Primates) भन्ने नामकरण गर्नेमा सबभन्दा जेठा स्विडेनका वनस्पति शास्त्री (Swedish Botanist) लिन्नाएउस (Linnaeus-1707-1778 A.D.) नामक विद्वान् नै थिए । यो नामकरण उनले ईसाको अठारौं शताब्दीको मध्यतिर गरेका हुन् र यसैलाई परवर्त्ती विद्वान्हरूले पनि स्वीकार गर्दै गए ।

प्राथमिक वर्ग (Primates) भन्नाले वानरानुगण (Pithecidae) लाई बुझाउँछ । वानर (Pithecus) एउटा जातिवर्ग (Species) हो । यस्ता प्राणीलाई देख्नासाथ कता-कता मनमा मानवको स्मरण हुन्छ । नेपालीमा एउटा उखानै छ-"नखाउँ भने दिनभरको शिकार, खाउँ भने कान्छा बाको अनुहार ।" यसप्रकार मानवको अनुहारसित भन्नै मिल्ने भएको हुनाले नै यस्ता प्राणीलाई संस्कृत अथवा नेपालीमा पनि 'वा-नर' विकल्पले नर वा मानव अर्थात् मा-छे हो कि भन्ने नामकरण गरियो । वानरानुगणमा पनि कपि, मर्कट र नरवानरका भेदले तीन प्रकारका प्राणी आउँछन् । ती तीन प्रकारका प्राणी हुन्-निशाकपि अनुगण (Lemuroidae), कूर्चमर्कट अनुगण (Tarsioidae) र नरवानरानुगण (Simiidae) । निशाकपि अनुगणमा निशाकपि (Lemur) र त्यससित मिल्न आउने प्राणी पर्दछन् भने कूर्चमर्कट अनुगणमा कूर्चमर्कट (Tarsier) तथा त्यसै जस्ता प्राणी पर्दछन् ।

जसलाई हामीले निशाकपि भयौं त्यसलाई त्यस्तो नामकरण गर्नमा पनि कारण छ । यसप्रकारका प्राणी निशाचर अर्थात् रातमा सक्रिय रहने र दिनमा निष्क्रिय रहने हुँदा यसलाई निशाकपि भनिएको हो । मानव निशाचर नभएर दिवाचर प्राणी हो अतः त्यसलाई मानवसित तुलना गर्न आवश्यक छैन । अर्को विचारयोग्य कुरा हो यो प्राणी ज्यादै सानो आकारको वानरमा आउँछ । यस्ता प्राणीका अश्मीभूत अस्थि अवशेष उत्तरी अमेरिका र यूरोपमा पाइएका छन् । यी प्राणी मेडागास्कर, अफ्रिका र ईस्ट इण्डीजमा आज पनि जीवित अवस्थामा पाइन्छन् ।

निशाकपिपछि कूर्चमर्कटको पालो आउँछ । यस्ता प्राणीको पुच्छर कुचो जस्तो हुने हुँदा यसलाई कूर्चमकट भन्ने नामकरण गरिएको हो । कूर्चमर्कट, निशाकपि र नरवानरका बीचको भएतापनि यो प्राणी पनि सानै आकारको वानरमा आउँछ । अतः यसलाई मानवसित मेलखाने प्राणीमा लिन सकिन्न । यस्ता प्राणीका अश्मीभूत अस्थि अवशेष उत्तरी अमेरीका र यूरोपमा पाइएका छन् ।

कूर्चमर्कटपछि नरवानरानुगण (Simiidae) लाई लिइएको छ । यस्ता प्राणीका हात र गोडाका आकार मानिसका जस्तै स्पष्टसित छुट्टिएका हुन्छन् । त्यसैकारण यस्ता प्राणीलाई 'नरवानर' मानिस जस्तो वानर भन्ने नामकरण गरिएको हो । नरवानर पनि विस्तीर्णनास (Platyrhine) र संकीर्णनास (Catarhine) अर्थात् ठूलोनाक र सानोनाक भएका दुई प्रकारका हुन्छन् । ती पनि सपुच्छ (Tailed) र अपुच्छ (Ape)का भेदले दुई प्रकारका हुन्छन् ।


आथमिक वर्ग (Primates)
वानरानुगण (Pithecidae)
निशाकपि अनुगण (Lemuroidae)
कूर्चमर्कट अनुगण (Tarsioidae)
नरवानर अनुगण (Simiidae)
निश कपि (Lemur)
कूर्चमर्कट (Tarsier)
विस्तीर्णनास (Platyrhine)
संकीर्णनास (Catarhine)
सपुच्छ (Tailed)
अपुच्छ (Ape)
पुच्छकपिअनुगण (Cercopithecidae)
अपुच्छख्यात चतुष्क (Four Great Ape)
मानवानुगण (Hominidae)
पुच्छकपि वा श्वकपि (Baboon)
शाखावानरानुगण (Hylobatidae)
नरवानरगण (Anthropoid Group)
शाखावानर (Gibbon)
वनमान्छे (Orangutan)
मेध्यवानर (Chimpanzee)
भीमवानर (Gorrila)
मानवानुगणका दुई प्रवृत्ति (Two Characters of Hominidae)
वानर जस्तो (Pongaid/Anthropoid)
मानव जस्तो (Hominid/Man-Like)
अपुच्छख्यात चतुष्क (Four Great Ape) तथा सबै वानर (All Monkey)
रामवानर (Ramapithecus)
दक्षिणीवानर (Australopithecus or Missing-Link)
उत्थितमानव (Homo Erectus)
मेधावीमानव (Homo Sapiens)

नरवानरानुगण भित्र पर्ने सपुच्छ प्राणीमा पुच्छकपिअनुगण (Cercopithecidae) पर्दछ । पुच्छकपि अनुगणमा पुच्छकपि वा ब्बुकपि (Baboon) र त्यसैसित मिल्ने प्राणी आउँछन् । मानव सपुच्छ प्राणी नभएर अपुच्छ प्राणी हो । त्यसकारण अपुच्छ कै विषयमा विचार गर्नु पर्छ । अपुच्छ प्राणीका पनि दुई प्रकारका भेद हुन्छन् । जस्तै अपुच्छख्यात चतुष्क (Four-Great Apes) र मानवानुगण (Hominidae) । जसलाई हामीले अपुच्छख्यात चतुष्क भन्यौं त्यसका पनि शाखावानरानुगण (Hylobatidae) र नरवानरगण (Anthropoid Group) का नामले दुई भेद हुन्छन् । शाखावानरानुगणमा शाखावानर (Gibbon) र त्यसैसित समानता राख्ने प्राणी आउँछन् । यस्ता प्राणीलाई शाखावानर भन्नुमा पनि कारण छ । शाखावानर नामका प्राणीको स्वभाव प्रायः रूखको हाँगामै झुण्डिएर बस्ने खालको हुन्छ । अतः यस्ता प्राणीलाई शाखावानर भन्ने नामकरण गरिएको हो । मानव रूखको हाँगामा झुण्डिएर निर्वाह गर्ने खालको प्राणी होइन त्यसकारण नरवानरगण भनिने प्राणीसित तुलना गरेर हेर्नु पर्दछ । नरवानरगणमा पनि वनमान्छे (Orangutan), मेच्यवानर (Chimpanzee) र भीमवानर (Gorilla) नामका तीनप्रकारका प्राणी आउँछन् । जसलाई हामीले मानवानुगण (Hominidae) भनेका थियौं त्यसमा आज पाइने अपुच्छख्यात चतुष्क भित्र पर्ने नरवानरगणसित मेल खाने सुदूरभूतको समयका अश्मीभूत अस्थि अवशेषको रूपमा पाइएका आजको मानवसित मेलखाने प्राणीलाई पनि विद्वानहरूले वानर (Pithecus) भन्ने नामकरण गरेर मानवानुगणको अनुसूचीमा राखेका छन् । यसरी नरवानर जस्ता वानरलाई मानवानुगणको अनुसूचीमा समाविष्ट गर्नमा पनि कारण छ । जसरी सुदूरभूतका त्यस्ता प्राणीका अश्मीभूत अस्थि अवशेष आजको नरवानरसित मेल खान्छन् त्यसैगरी आज जीवित रहेका नरवानरलाई मानवसित तुलना गरेर हेर्दा तिनका धेरै कुरा मानवसित मेल खान आउँछन् । अश्मीभूत अस्थि अवशेषको रूपमा पाइएका सुदूरभूतका त्यस्ता वानरमा मिश्र (Egypt) को पूर्व अतिनूतनवानर (Propliopithecus), केन्याको पूर्वदूत वानर (Proconsul), सिवालिकको सिवालिक मानव भनिने सिवावानर (Sivapithecus), केन्यामा पाइएको सिवालिक मानव जस्तै सिववानर (Sivapithecus) र केन्याको अर्को पंकवानर (Limnopithecus) पर्दछन् । यसैगरी सिवालिकका अरू दुई शुष्कवानर (Dryopithecus) र यूरोपका दुई अतिनूतनवानर (Pliopithecus) पनि यस सूचीमा आउँछन् । पहिले प्रसंगवश चर्चा गरिएका सिवालिकका दुई शुष्कवानर (Dryopithecus) को लगत्तै पछि पालो आउँछ केन्याको अर्को केन्यावानर (Kenyapithecus) को । हामीले चर्चामा ल्याउन खोजेको रामवानर (Ramapithecus) नामको प्राणी यही हो । यसको नाम किन यस्तो रहन गयो त्यसलाई यहाँ पुनः दोहोऱ्याउने आवश्यक छैन । केन्याको रामवानर पछि नेपालको रामवानर अर्थात् रामपिथेकसको पालो आउँछ र त्यसपछि भारत र अन्य एशियाली मुलुकमा पाइएका त्यस्ता प्राणी अर्थात् रामपिथेकस पर्दछन् । सिवालिकको रामपिथेकसलाई पहिले शुष्कवानर (Dryopithecus) पनि भनिन्थ्यो । रामवानर पछि दक्षिणीवानर (Australopithecus) नामको प्राणीलाई लिइएको छ । अहिले प्रस्तुत गरिएको केन्याको पछिल्लो केन्यावानर अर्थात् रामपिथेकस, नेपालको बुटवलपिथेकस, भारत र अन्य एशियाली मुलुकमा पाइएका रामपिथेकस सम्मको काललाई मानवपूर्वकाल (Pre-Human Period) भनिन्छ । दक्षिणीवानरभन्दा पछिको काललाई मानवयुग (Age of Man) भन्ने नामकरण गरिएको पाइन्छ । यसको तात्पर्य यही भयो दक्षिणीवानर, वानर र मानवका बीचको प्राणी हो । दक्षिणीवानरले आजभन्दा असीलाख वर्षदेखि बीसलाख वर्ष पहिलेसम्मको लामो अवधिलाई प्रतिनिधित्व गर्दछ ।

मानवको विकासक्रममा प्राथमिकवर्ग (Primates) का प्राणीको उत्पत्ति कुन समय भयो भन्ने तर्फ विचार गर्दा वानरानुगण (Pithecidae) भित्र पर्ने निशाकपि अनुगण (Lemuroidae) र कूर्चमर्कट अनुगण (Tarsioidae) जस्ता साना वानरको विकास नवजीवक उपकल्प (Cenozoic) भित्र पर्ने तृतीयखण्ड (Tertiary) अन्तर्गतको आजभन्दा चारकरोड पचासलाख वर्ष पहिले प्रारम्भ हुने आदिनूतनाश्मयुग (Oligocene Epoch) मा भएको देखिन्छ ।[7] यसैप्रकार तीनकरोड पचासलाख

७/ परिशिष्ट १ मा हेर्नुहोस् ।

वर्ष पहिले प्रारम्भ हुने मध्यनूतनाश्म युग (Miocene Epoch)[8] मा आजका ठूलावानर एवं नरवानरका पुर्खा अर्थात् अपुच्छख्यात चतुष्क (Four Great Apes) र मानवानुगण जस्तो आकार (Hominidae Forms) का केही प्राणी पनि उत्पन्न भए। त्यसपछि एककरोड चालीसलाख वर्ष पहिले प्रारम्भ हुने अतिनूतनाश्मयुग (Pliocene Period) मा आएर संसारमा पहिलोपल्ट उत्थित नरवानर (Pithecanthropus Erectus) आयो। मानव पनि उठेर हिंड्ने प्राणी हो त्यसकारण यसरी मानव जस्तै उठेर हिंड्न सक्ने प्राणीलाई उत्थितवानर भन्ने नामकरण गरिएको हो। यस्ता प्राणी उठेर हिंड्ने भए पनि ती मानवको गणनामा आउँदैनन् र मानवानुगणमा मात्र आउँछन्। नरवानर र उत्थित-वानर जस्ता मानवानुगण भिन्न पर्ने प्राणीका शरीरमा दुई प्रकारका लक्षण हुन्छन्। तिनलाई क्रमशः वानर सदृशानुगण (Pongidae) र मानवानुगण (Hominidae) भिन्न राखेर तुलना गरिन्छ।

अघि प्रसंगवश चर्चा गरिएको मिश्रको पूर्व अति-नूतनवानर (Propliopithecus) भनिने प्राणीको लक्षण मानवानुगणभन्दा वानर-सदृशानुगणमा मिल्न आउँछ। केन्याको पूर्वदूतवानर (Proconsul) र सिवालिकको सिवालिक मानव भनिने सिववानर (Sivapithecus) मानवानुगण र वानर सदृशानुगण दुवैको बीचमा पर्ने प्राणी हुन्। तर केन्याको सिववानर (Sivapithecus) भने वानर सदृशानुगणमा पर्दछ। केन्याको पंकवानर (Limnopithecus) र सिवालिकका अरू दुई शुष्कवानर (Dryopithecus) तथा यूरोपका दुई अतिनूतन वानर (Pliopithecus) पनि वानर सदृशानुगणको सूचीमा आउँछन्। केन्याको अर्को केन्यावानर (Kenyapithe-cus) अर्थात् रामपिथेकस, नेपालको रामवानर (Rama-pithecus) एवं भारत र अन्य मुलुकहरूमा अहिलेसम्म जानकारीमा आएका रामपिथेकस र दक्षिणीवानर (Australopithecus) भनिने प्राणी भने मानवानुगणमा पर्दछन्। यी प्राणी मानवानुगणको सूचीमा परे पनि ती मानव भने होइनन्। विकासवादीहरूको भनाइ अनुसार यस्ता प्राणी वानर र मानवको विकास रेखा छुट्टिएका समय यी मानवको विकास रेखातिर ढल्किएका पाइन्छन्। त्यसैकारण रामपिथेकसलाई मानवको पुर्खा भनिएको हो। रामपिथेकसलाई मानवको पुर्खा भनिए पनि यो मानवको गणनामा आउँदैन। तर यस क्रममा सबभन्दा पछि आउने दक्षिणीवानरको मानव र वानरका बीचमा बसेर लुप्त शृंखलाको काम गर्दछ। त्यसैकारण केही विद्वान्हरूले यसलाई लुप्तशृङ्खला वा लुप्तकडी (Missing Link) भन्ने नामकरण गरेको पाइन्छ।

हामी जुन विषयवस्तुको अध्ययन गर्न लागेका छौं त्यसमा ईसाको बीसौं शताब्दीका वर्षहरू निकै लाभदायी सिद्ध भएका छन्। त्यसमा खासगरी विते को आधा समय त यसक्षेत्रमा अझै महत्वपूर्ण मानिन्छ। गत पच्चीस तीस वर्षभित्र अन्वेषकहरूले मानवाकृतिका यस्ता प्रशस्त अवशेषहरू प्राप्त गरेका छन् जसले हाम्रो अध्ययन सामग्रीको कोषलाई मात्र वृद्धि गराएको छैन अपितु पुराना सामग्रीको पुनर्मूल्याङ्कन गर्ने बाटो पनि फराकिलो पारेको छ। आदिनूतनाश्म (Oligocene)[9] मा नयाँ र पुराना विश्वका वानरहरू विभाजित भएका कुराको चर्चा पहिले नै भइसकेको भए तापनि पाठकको सुविधाका लागि अझै व्याख्या गर्नु त्यति अप्रिय होला जस्तो लाग्दैन। मध्यनूतनाश्म (Miocene)[10] को समय-मा अर्थात् तीनकरोड पचासलाख वर्ष पहिलेको प्रारम्भिक कालमा मेध्यवानर (Chimpanzee) र शाखावानर (Gibbon) का बीचको सानो आकार भएको प्राथमिक वर्ग (Primates) को एउटा समूह थियो जसलाई आज-काल शुष्कवानर (Dryopithecus) भन्ने चलन छ। यूरोप, अफ्रिका, भारत, चीन आदिका विभिन्न ठाउँ र समयमा पाइएका यस्ता प्राणीका अवशेषलाई अलग-अलग नामकरण गरेर वर्गीकरण गरिएको छ। शुष्कवानरको सम्बन्ध मानवानुगणसित छ वा नरवानरानुगणसित छ त्यो अझै स्पष्ट भइसकेको छैन। कारण तिनमा यस्ता प्रशस्त गुणहरू छन् जसको आधारमा यिनलाई पहिले चर्चा गरिएका दुई वर्गमध्ये जता राखे पनि हुन्छ। तैपनि धेरै जसो शरीर विज्ञानवेत्ता (Anatomist)

८, ९, १०) परिशिष्ट १ मा हेर्नुहोस्।

हरूले यसलाई पूर्वमानवानुगण (Proto-Hominids) भन्दा पूर्व नरवानरगण (Proto-Anthropoids)मा नै राख्ने कुरामा आफ्नो राय व्यक्त गरेका छन् ।

पहिले शुष्कवानर (Dryopithecus) मा गणना गरिएको एउटा समूहलाई आजकाल अर्कै नामकरण गरिएको छ जसलाई रामवानर (Ramapithecus) भनिन्छ । भारतीयमूलको यस प्राणीलाई प्रारम्भमा मानवानुगण (Hominid) मा होइन वानरानुगण (Pongaid) मा समाविष्ट गर्ने चलन थियो । तर यता आएर तीं सामग्रीको पुनर्मूल्याङ्कन गर्दा रामवानर (Ramapithecus) मानवानुगण (Hominid) को सूचीमा पर्ने भएको छ । त्यसैकारण नेपालमा पाइएको रामपिथेकसलाई पनि मानवानुगणको पंक्तिमा राखिएको हो । यथार्थमा भन्ने हो भने आजको धारणा अनुसार मान्यता प्राप्त शुद्ध मानवजातिको पहिलो सदस्यमा यसैलाई लिइएको छ । रामपिथेकसको प्रारम्भ मध्यनूतनाश्मयुग (Miocene Epoch)[11] को अन्तिम अवस्थामा भयो । शुष्कवानर (Dryopithecus) र रामपिथेकस केही मात्रामा समकालीन देखिएको हुँदा यिनमा मानवानुगण र नरवानरानुगणको विभाजनको सीमारेखा पनि आदिनूतनाश्म युग (Oligocene Epoch)[12] को अन्त्य अथवा मध्यनूतनाश्म युग (Miocene Epoch)[13] को प्रारम्भमा छुट्टिएको अनुमान हुन्छ । त्यसैकारण पहिले प्रसंगवश चर्चा गरिएको लुई लीके (Lois Leakey) ले अफ्रिकाको केन्यामा प्राप्त गरेको एउटा प्राथमिकवर्ग (Primate) को प्राणीलाई शुरूमा केन्यावानर (Kenyapithecus) भन्ने नामकरण गरिएको थियो र अहिले त्यसलाई भारतको रामवानर (Ramapithecus) वर्गमा समाविष्ट गरिएको छ ।

हामीले प्रसंगवश दहातुमन्दाति तेजोद्गिर सस्थानी–४० कालनिर्धारण विधि (K/Ar Radioactive Isotope-40 Dating Method) को चर्चा गरेका थियौं । यसविधि अनुसार प्रोफेसर एल०एस०बी लीकेले अफ्रिकाको केन्यामा प्राप्त गरेको सबभन्दा जेठो मानिने रामपिथेकस आजभन्दा एककरोड चालीसलाख (14 Million) वर्ष पहिलेको मानिएको छ भने हामीलाई अहिलेसम्म थाहा भएको नरवानरानुगण (Anthropoid or Simiid) मा गणना हुने सबभन्दा पुरानो शाखावानर (Gibbon) आजभन्दा दुईकरोड तीसलाखदेखि दुईकरोड चालीसलाख (23–24 Million) वर्ष पुरानो ठहरिन आएको छ । रामपिथेकस मानवानुगण (Hominid) को पुर्खा हो भने शाखावानर (Gibbon) नरवानरानुगण (Anthropoid) को पुर्खा हो । मानवानुगण (Hominid) र नरवानरानुगण (Anthropoid) का विकासका यी दुई समय भिन्न एउटा अर्को मानवानुगण (Hominid) को विकास भएको देखिन्छ । यस्ता मानवानुगणमा पर्ने प्राणीको अस्तित्व आजभन्दा बीसलाखदेखि पचीसलाख (2–2.5 Million) वर्ष पहिलेसम्म थियो । यस सीमा रेखाभित्र काबम रहेका मानवानुगणका प्राणीमा दक्षिणीवानर (Australopithecus) र त्यसका सम्बन्धीहरू पर्दछन् ।

रामपिथेकसको रहन–सहन कस्तो थियो त्यस विषयमा हामीलाई राम्रो ज्ञान नभएको हुँदा यो मेच्छवानर (Chimpanzee) र भीमवानर (Gorilla)भन्दा सानो आकारका साथै स्थलाहारी (Ground Feeder) तथा जानुचारी (Knuckle–Walker) थियो होला भन्ने सिद्धान्तमा पनि शङ्का गर्ने ठाउँ रहन आउँछ । त्यति मात्र होइन रामपिथेकस, शुष्कवानर (Dryopithecus) भन्दा ठूलो थियो भन्ने सिद्धान्तलाई मान्ने पनि कुनै आधार हामीसित छैन । तर अफ्रिकाको टर्नान किल्ला (Fort Ternan) मा पाइएका हाडखोड यदि उसैले फोरेका हुन् भने रामपिथेकस केही अंशमा मांसाहारी पनि थियो भन्ने कुरामा विश्वास गर्न सकिन्छ । अतः सारांशमा भन्ने हो भने मानवजातिको पुर्खा मानिने रामपिथेकसका विषयमा अझै पर्याप्त अनुसन्धान हुन बाँकी नै छ ।

भूगर्भ र पुरासत्त्वको क्षेत्रमा सुदूरभूतका अश्मीभूत अस्थि अवशेषको रूपमा पाइएका प्राणीका उदाहरण बुटवलमा मात्र होइन अन्यत्र पनि प्राप्त भएका छन् ।

११, १२, १३, परिशिष्ट १ मा हेर्नुहोस् ।

भूगर्भ शास्त्री श्री चन्द्रकान्त शर्माले जनकपुरमा पाइएको जलहात्ती (Hippopotamus) र काठमाडौंको लोकुएडोलमा पाइएको महागज (Stegodon) को अस्थि अवशेषको चित्र आफ्नो पुस्तकमा प्रस्तुत गर्नुभएको छ । यसैप्रकार २०१९ सालमा यस्तै महागज भनिने प्राणीको अवशेष पुरातत्व विभागलाई गोदावरीको छेउमा प्राप्त भएको थियो । चितवनको छेउमा रहेको देवघाटमा मनमुकुन्देश्वरका नामले कछुवाको एउटा सिंगो अश्मीभूत अस्थि अवशेषलाई पूजा गरेर मूल देवताको रूपमा राखिएको कुरा यस पंक्तिका लेखकले स्वयं देखेको छ । यसबाहेक काठमाडौंको सीतापाइलाका छेउमा रहेको आदेश्वर मन्दिरभित्र रहेको आदेश्वर महादेवका नामले पूजिने शिवलिङ्ग पनि सुदूरभूतमा अश्मीभूत रूखको ठुटो हो कि भन्ने शङ्का हुन्छ । खासगरेर नेपाल अधिराज्यको मेचीदेखि महाकालीसम्म तेर्सिएर बसेको सिवालिक पर्वत पुरासत्त्वको क्षेत्रमा अनुसन्धानका लागि ज्यादै महत्त्वपूर्ण देखिन आएको छ । यो क्षेत्र नेपाल राष्ट्रका लागि मात्र होइन अपितु विश्वकै लागि महत्त्वपूर्ण क्षेत्र हो । नेपाल यस्ता महत्त्वपूर्ण क्षेत्रको साङ्गोपाङ्ग अध्ययन गराउन आर्थिक र प्राविधिक क्षेत्रमा त्यति सक्षम नहुन पनि सक्छ । अतः यस्तो काममा अमेरिकाको राष्ट्रिय भौगोलिक समिति (National Geographic Society) र यस्तै कार्य गर्न १९७४ ईस्वीमा एल०एस०बी० लीकेका नाउँमा खडा भएको संस्था (L.S.B. Leakey Foundation) सित अथवा विश्वका अन्य कुनै यस्तो काममा चाख राख्ने संस्थासित आर्थिक तथा प्राविधिक सहयोग लिएर श्री ५ को सरकारको नेतृत्वमा भौगर्भिक र पुरासात्त्विक (Geological and Paleontological) अन्वेषण तथा उत्खनन भएमा त्यसबाट प्राप्त भएको ज्ञानले नेपाललाई मात्र होइन विश्वकै ज्ञानकोषलाई वृद्धि गराउन सक्नेछ भन्ने यस पंक्तिका लेखकको धारणा छ । अस्तु ।

परिशिष्ट १

कालक्रम तालिका (Chronological Table)

अर्थात

भौगर्भिक समयसारिणी (Geological Time Scale)

कल्प नाम	उपकल्प नाम	खण्ड नाम	युग नाम	युगारम्भ वर्षपूर्व	जैविक युगनाम
अजीवकल्प (Azoic Age)			त्रिखण्ड पूर्वयुग (Pre-Cambrian)	चारअरब पचासकरोड वा दुईअरब 4,500 Million years or 2,000 Million years	अजीवक (Azoic)
जीवकल्प (Zoic Age)	पुराजीवक (Paleozoic)	प्रथमखण्ड (Primary)	त्रिखण्डारम्भयुग (Cambrian)	सत्ताउन्न करोड 570 Million years	अपृष्ठवंशीययुग (Age of Invertebrates)
			अवरप्रवालयुग (Ordovician)	पचास करोड 500 Million years	
			प्रवालयुग (Silurian)	चवालीस करोड 440 Million years	
			मत्स्ययुग (Devonian)	उनन्चालीस करोड पचासलाख 395 Million years	
			प्रांगारयुग (Carboniferous)	तीस करोड 300 Million years	
			गिरि वा शैलीयुग (Permian) (महाभारतको उत्पत्ति)	अट्ठाइस करोड 280 Million years	
	मध्यजीवक (Mesozoic)	द्वितीयखण्ड (Secondry)	रक्ताश्म शैलयुग (Triassic)	बाइसकरोड पचासलाख 225 Million years	सरीसृपयुग (Age of Reptiles)
			सरीसृपयुग (Jurassic)	उन्नाइस करोड 190 Million years	
			खरोमाटो वा खरोद्रुङ्गाका युग (Cretaceous) (हिमालयको उत्पत्ति)	तेह्रकरोड पचासलाख 135 Million years	
	नवजीवक (Cenozoic)	तृतीयखण्ड (Tertiary)	उषाश्मयुग (Eocene)	सात करोड 70 Million years	स्तनपायीयुग (Age of Mammals)
			आदिनूतनाश्मयुग (Oligocene)	चारकरोड पचासलाख 45 Million years	
			मध्यनूतनाश्मयुग (Miocene)	तीनकरोड पचासलाख 35 Million years	
			अतिनूतनाश्मयुग (Pliocene) (सिवालिकको उत्पत्ति)	एककरोड चालीसलाख 14 Million years	
		चतुर्थखण्ड (Quaternary)	प्रातिनूतनाश्मयुग (Pleistocene)	पचासलाखदेखि चालीसलाख 4-5 Million years	मानवयुग (Age of Man)
			नवाश्म वा आधुनिकयुग (Holocene or Recent)	दशहजार वर्षपूर्व 10,000 years B.P.	आधुनिक मानव युग (Age of Recent Man)

परिशिष्ट २

प्रातिनूतनाश्मका उपविभाजन (Sub-divisions of Pleistocene) अर्थात् हिमयुगको कालक्रम तालिका (Chronological Table of Glacial Age)*

पुराप्रातिनूतनाश्म वा पूर्वहिमानी (Lower Pleistocene or Villa Franchian)	मध्यप्रातिनूतनाश्म (Middle Pleistocene)				अपरप्रातिनूतनाश्म (Upper Pleistocene)			हिमान्युत्तर (Post Glacial)
	हिमयुग (Glacial Age)							
यस युगमा अनेक प्राचीन हिमानीका उपकथाहरू लुकेर बसेका छन् (Several early cold Episodes)	प्रथम हिमानी (1.Glacial)	प्रथम अन्तर हिमानी (1. Inter Glacial)	द्वितीय हिमानी (2. Glacial)	द्वितीय अन्तर हिमानी (2. Inter Glacial)	तृतीय हिमानी (3.Glacial)	तृतीय अन्तर हिमानी (3. Inter Glacial	चतुर्थ हिमानी (4.Glacial)	आधुनिक (Recent)
	गुञ्ज (Gunz)	गुञ्ज-मिण्डेल (Gunz-Mindel)	मिण्डेल (Mindel)	मिण्डेल-रिस्स (Mindel-Riss)	रिस्स (Riss)	रिस्स-वुर्म (Riss-Wurm)	वुर्म (Wurm)	
	१ । २		१ । २		१ । २ । ३		१।२।३।४	
समय तारिणी (Time Scale)	१,०००,०००	६००,०००	५००,०००	२५०,०००	२००,०००	१५०,०००	८०,०००	१०,००० वर्ष आजभन्दा पूर्व (10,000 years Ago B.P.)

*यसमा जुन काल दिइएको छ त्यो मोटामोटी अनुमान मात्र हो ।

सन्दर्भग्रन्थ तथा पत्रपत्रिका

- गोरखापत्र, काठमाडौं २०३७ साल चैत्र १४ गते शुक्रवार।
- जनकलाल शर्मा-'दुई विचार: एक लक्ष', मधुपर्क, वर्ष १३, अङ्क २, असार २०३७।
- A.C. Haddon- **History of Anthropology**, London, 1946 A.D.
- A.Ya. Shchetenko-**Pre Historic Hindustan**, Leningrad "Nauka" Leningrad Section, 1979 A.D.
- C.K. Sharma-**Geology of Nepal** (2nd. Edition) Educational Enterprises (P) Ltd; Kathmandu, 1977.
- **Chambers's Twentieth Century Dictionary** (Old Edition)
- D.P. Agrawal-"Physics in Aid of Archaeology, The Dating Methods", **The Illustrated Weekly** of India, May 11, 1980.
- D.P. Agrawal, A. Ghosh-**Radiocarbon and Indian Archaeology**, Bombay: Tata Institute of Fundamental Research, May 1973 A.D.
- D.P. Agrawal and Sheela Kusumgar—**Prehistoric Chronology and Radiocarbon Dating in India**, New Delhi, 1974 A.D.
- D.P. Agrawal and Sheela Kusumgar—"Radiocarbon Dates of some Prehistoric and Pleistocene Samples", **Curre t Science**-36, No. 21, November 5, 1967 A.D.
- Duncan Leith-**Geology in the Life of Man**, London, 1945 A.D.
- Earnest Albert Hooton-**Up from the Ape**, Motilal Banarasidas, Delhi, 1965 A.D.
- **Encyclopaedia Britannica**, University of Chicago, Vol. VIII & 15, 1979 A.D.
- H.D. Sankalia-**The Prehistory and Protohistory of India and Pakistan**, Deccan College, Poona, New Edition, 1974 A.D.
- John Waechter-**Man Before History**, Oxford, 1976 A.D.
- L.S.B. Leakey-**Adam's Ancestors** (The Evolution of Man and his Culture) Fourth Edition, New York, 1960 A.D.
- M.C. Burkitt—**Our Early Ancestors**, Cambridge 1929 A.D.
- Margaret Murray-"First Steps in Archaeology", **Antiquity**, Vol. 35 No. 137, 1961 A.D.
- R.V. Joshi-"Prehistoric Exploration in Kathmandu Valley, Nepal", **Ancient India**, Bulletin of the Archaeological Survey of India, No. 22, 1966 A.D.
- Raghu Vira-**Comprehensive English-Hindi Dictionary**, 6th Edition, 1966 A.D.
- S.B. Deo & G.L. Badam-"The Antiquity of Man", **Science Today**, March 1976.
- **The Rising Nepal**, Kathmandu, March 27, 1981 (Chaitra 14, 2037), Friday.

कर्णाटवंशी र मल्लराजवंशीको सम्बन्ध हुनामा केही घटना

—शङ्करमान राजवंशी

नेपालमा कर्णाटवंशी भनेर नान्यदेवको वंशलाई भन्ने गरेको छ, जुन नान्यदेवले सिम्रौनगढ हालको वीरगञ्ज वारा जिल्लामा आई आफ्नो राज्य स्थापना गरेका थिए भन्ने र मल्लराजवंशी जयभद्रमल्लसंग नान्यदेवको गोतियार श्यामसिंहदेवकी छोरी नरेन्द्रलक्ष्मी-को वैवाहिक सम्बन्ध भएको तथा जयभद्रमल्ल मिथिला-को शासकमा नियुक्त भएको एवं जयभद्र पछि उनका छोरा नागमल्ल त्यसपछि उनका छोरा जयजगत्मल्ल त्यसपछि उनका छोरा नागेन्द्रमल्ल त्यसपछि उनका छोरा उग्रमल्ल भएको फेरि सिम्रौनगढे नान्यदेवको पुस्तामा नान्यदेवका छोरा गांगदेव त्यसपछि उनका छोरा नृसिंह-देव, त्यसपछि उनका छोरा शक्तिसिंहदेव त्यसपछि उनका छोरा रामसिंहदेव त्यसपछि रामसिंहदेवका छोरा हरि-सिंहदेव भए भन्ने कुरा पृथ्विका धेरै वंशावलीहरूमा उल्लेख छ ।

अब स्थितिमल्लको पालामा लेखिएको गोपाल-वंशावलीबाट देखिएको कुरामा हरिसिंहदेवको पालामा वि०सं० १३८२ माघमा दिल्लीका बादशाह गयासुद्दीन तुगलकले बंगाल दखल गरी तिरहुततिरबाट दिल्ली फर्कदा तिरहुते सिम्रौनगढका राजा हरिसिंहदेवले आफ्नो राज्यमा हमला गर्न आयो भन्ने ठानी उ स्वयं अघेंलो भई गयासुद्दीन तुगलकसंग मुकाबिला गर्न गएथे । तर गयासुद्दीन तुगलकको सेनासंग उनको केही जोर चलेन । आखीर गयासुद्दीन तुगलकको सेनाले सिम्रौनगढ ध्वस्त पार्दा हरिसिंहदेव टिक्न नसकी आफ्ना परिवार र मन्त्री सहित भागेर सिंधुलीको बाटो गरी दोलखातिर आउँदा बीच बाटोमा पुगी टिपाउन भन्ने ठाउँमा हरिसिंहदेवको मृत्यु भयो । राजग्रामका मछिमवहार क्वाठनायक मभी-भारोहरूले हरिसिंहदेवका छोरा र मन्त्री भारदारलाई कैद गरी उनको सबै धनसम्पत्ति लुटेर लिए । हरि-सिंहदेवकी रानी देवलदेवी चाहिं त्यताबाट नेपाल उपत्य-कातिर भागेर आई रुद्रमल्ल कहाँ शरण परे । त्यस बखत नेपाल उपत्यकामा रुद्रमल्ल र अरिमल्लको संयुक्त शासन थियो । राज्यको सारा अधिकार चाहिं रुद्रमल्लके हातमा थियो । तर शरणार्थी देवलदेवीको राम्रो व्यवस्था गर्न नपाउँदै वि०सं० १३८३ आषाढमा रुद्रमल्लको मृत्यु भयो । रुद्रमल्लको मृत्यु हुँदा उनका चार ओटी रानी सती गए । त्यस बखत उनकी दुइरी नाबालक छोरी नायकदेवी मात्र थिइन् । तिनीलाई बज्यै यदुमलदेवीले स्याहारिन् । देवलदेवीलाई पनि पदुमलदेवीले नै व्यवस्था गरिन् । यसरी दुवैको प्रबन्ध पदुमलदेवीले गरेकी थिइन् । रुद्रमल्लको पहिलो छोरा वीरमल्ल वि०सं० १३७७ फागुन-मा जन्मेर वि०सं० १३७८ पौषमा मरिसकेको थियो । रुद्रमल्लको दोस्रो छोरा त्रिभुवनमल्ल चाहिं वि.सं. १३७९ माघमा जन्मेर वि०सं० १३८१ आश्विनमा मरिसकेको थियो । त्यसैले रुद्रमल्लको शासनाधिकारको हकदार उनकी छोरी नायकदेवी नै भएकी थिइन् ।

काठमाडौं विष्णुमती वारी इन्द्रायणी स्थानको शिलाभिलेख

काठमाडौं स्थित कैसलटोलको एकमुक ताडपत्र

वि.सं. १३८६ पौषमा युधुनिमराजकुलमा अर्थात् दुबै राजकुलमा हकदार ठाकुर नहुनाले काशेश्वरवंशी राजकुमार हरिश्चन्द्रदेव र गोपालदेव दुइजनालाई दक्षिणबाट झिकाई चनिगलमा राखे । कारण अरिमल्लको पनि हकदार छोरा नभई छोरी कामादेवी मात्र थिइन् । त्यसपछि तेस्रो महीना फागुनमा पदुमलदेवीले नायकदेवीको हरिश्चन्द्रसंग र कामादेवीको गोपालदेवसंग विवाह गरिदिए । तिनताक हकदार छोरा नभएमा डोलाजी खोजी कन्याको सानै उमेरमा विवाह गरिदिने चलन थियो । घरजुवाई खोज्नुलाई डोलाजी खोज्नु भन्दछन् । यसबखत नायकदेवी ७, ८ वर्षकी मात्र थिइन् ।

देवलदेवी चतुर राजनीतिज्ञ थिइन् । तिनीले अभयराम मुल्मीलाई हात लिई वि.सं. १३८६ चैत्रमा अभयराम मुल्मीद्वारा मभीम विहार क्वाठ दखल गराए । अनि हरिसिंहदेवका छोरा कर्णाटवंशी तथा जगतसिंहदेव मन्त्री भारदार कैदबाट मुक्त भए । त्यसपछि वि.सं. १३८८ मंसीरमा हरिसिंहदेवका मन्त्री चण्डेश्वरले राजग्राम पनि दखल गरे । वि.सं. १३८९ आश्विनमा ६७ वर्ष उमेर पुगिसकेकी पदुमलदेवीको देहावसान भएपछि दरवारको राजनीतिमा देवलदेवीले भूमिका खेल्ने अवसर पायो । देवलदेवीको अभिप्राय नायकदेवी आफ्ना छोरा जगतसिंहदेवलाई पारिदिन पाए हुन्थ्यो भन्ने थियो । किनभने नायकदेवीलाई पाउनु नै नेपालको शासनाधिकार पाउनु थियो । त्यसैले षड्यन्त्रद्वारा केही वर्षबाद वि.सं. १३९२ ज्येष्ठमा विष प्रयोग गरी हरिश्चन्द्रदेव मारिए । अनि हरिश्चन्द्रदेवका भाइ गोपालदेवले हक दावी गर्न आएथे । तर कर्णाटवंशी श्री जगतसिंहदेवलाई नायकदेवी पारिसकेको देखेर गोपालदेव भक्तपुरबाट भागेर पाटन गए । त्यस बखत नायकदेवी १३, १४ वर्षकी मात्र थिइन् ।

षड्यन्त्र भएको हुनाले गोपालदेव आफ्नो देशतिर भाग्न सकेको थिएन । विहारकोटमा बसेका जोगराम मुल्मीले जोगविहारका पालसित मिलेर गोपालदेवलाई शंखाकोटमा राखेका थिए । वि०सं० १३९४ ज्येष्ठमा तिरहुते जगतसिंहदेवले मनिगलमा प्रवेश गरी अभयराममुल्मी र थपितमाहरूद्वारा घेरा दिंदा विहारकोटमा बसेका जोगराममुल्मी गोपालदेवलाई एक्लै छोडी टोंखामा भागे । गोपालदेव एक्लै हुँदा तिनलाई बाहिर धिसारेर ल्याई जगतसिंहका परिजनले सावसित्र चुटे । त्यहाँबाट एकेन प्रकारले ज्यान जोगाई गोपालदेव भागेर जोगरामकहाँ नै गए । वि०सं० १३९७ पौषमा त्रिपुरराजकुलले गोपालदेवलाई घेरा हाल्दा जोगराममुल्मीसंग लडाई पऱ्यो । त्यस लडाईमा जोगराममुल्मीका २० जना मारिए । गोपालदेवलाई पनि मारिदिए । जोगराममुल्मी पनि साथसाथै पक्रिए ।

कर्णाटवंशी जगतसिंहदेवसंग नायकदेवीको दोस्रो विवाह सम्बन्ध भएपछि वि०सं० १४०३ पौषमा जगतसिंहदेवकी पुत्री राजल्लदेवीको जन्म भयो । राजल्लदेवी जन्मेको १० दिनमा आमा नायकदेवी सुत्केरीको व्यथाले परलोक भइन् । जगतसिंहदेव पनि विरोधीको पेचले कैद भए । तो राजल्लदेवीलाई वज्यै देवलदेवीले कष्टपूर्वक पाली हुर्काइन् । यी राजल्लदेवी ८ वर्षकी भएपछि उनको विवाहको लागि वि.स. १४११ आश्विनमा देवलदेवीले दक्षिणतिरबाट स्थितिमल्ललाई डोलाजी झिकाए । त्यसको ५ महीनापछि फागुनमा देवलदेवीले स्थितिमल्लसंग राजल्लदेवीको विवाह गरिदिए ।

यी स्थितिमल्ल हरिसिंहदेवका पालामा गयासुद्दीन तुगलकको आक्रमणले लाङ्गापाखा लागेका मल्लराजवंशी जयभद्रको वंशमा जन्मेका उग्रमल्लका नाति अशोकमल्लका छोरा हुन् भन्ने कुरा वंशावलीहरूबाट देखिन्छ । राजल्लदेवी हरिसिंहदेवको नातिनी सिद्ध हुन आएकोले राजल्लदेवीसंग वैवाहिक सम्बन्ध भएका स्थितिमल्ल हरिसिंहदेवका नातिनी जुवाई हुन् भन्ने स्पष्ट भएको छ । यी मल्लराजवंशी स्थितिमल्ल रघुकुलका हुन् । रघुकुलका रामचन्द्रका इष्टदेवी तलेजु भवानी हुन् भन्ने कुरा पनि वंशावलीहरूमै उल्लेख छ । तो तलेजु भवानी यी स्थितिमल्लको पनि इष्टदेवी हुनाले यी स्थितिमल्लले तलेजुभवानीको व्यवस्था गरिदिएको कुरा पनि वंशावलीहरूमा उल्लेख छ । यी मल्लराजवंशी राजाको दरवार जहाँजहाँ रहेको छ त्यहाँत्यहाँ तलेजु पनि रहेको हुन्छ । स्थितिमल्ल रघुकुलका हुन् भन्ने कुरा स्थितिमल्लकै समयमा लेखिएको भैरवानन्द नामक नाटकमा स्थितिमल्ललाई रघुवंशचक्रचूडामणि भनी स्पष्ट लेखिएबाट थाहा हुन्छ । तिनले दीक्षाग्रहण पनि यहाँकै गरेका थिए ।

तर स्थितिमल्लकै वंशज सिद्धिनरसिंहमल्ल तथा प्रतापमल्ल र भूपालेन्द्रमल्लले आफूलाई कर्णाटवंशी हरिसिंहदेवका वंश भनी शिलापत्रमा उल्लेख गरेका छन् । वास्तवमा कर्णाटवंशसंग सम्बन्ध भएको देखाएका रहेछन् । उक्त कुरा नबुझदा कतिपय इतिहासकारहरूको अर्थ गराइ लटरपटर हुन गएकोछ । त्यस्तै स्थितिमल्लको वंशमा पनि वंशावलीकारले वंशतालिकाको प्रसंग मिलाउन नजान्दा आनकोतान फरक परी इतिहासकारहरू अलमल्लिएका छन् । तर विचार गर्दा कर्णाटवंशी श्यामसिंहदेव नान्यदेवको भाइ हुनु संभव छ । किनभने आफ्नो राज्यमा पछि विद्रोह नहोस् भन्नानिमित्त भाइकी छोरी नरेन्द्रलक्ष्मीदेवीको जयभद्रमल्लसंग विवाह गरिदिएका होलान् । नान्यदेवले नेपाल सिमरौनगढ स्वाधीन गर्दा भगाएका जयभद्रमल्ल हुन् भन्ने कुरा वंशावलीमा उल्लेख छ । तब जयभद्रको सातौं पुस्ताका स्थितिमल्ल नान्यदेवको आठौं पुस्ताका राजल्लदेवीको वैवाहिक सम्बन्ध हुनु कालक्रमले मिल्दो हुन आउँछ । हरिसिंहदेवपछिको पुस्ता चाहिं उनका छोरा जगतसिंहबाट टुंगिएको सिद्ध छ ।

प्रतापमल्लको हनूमान्ढोका कृष्णमन्दिरमा रहेको शिलापत्रमा प्रतापमल्लले विहारदेशका रजपूतकन्या श्री रूपमती र कर्णाटदेशका रजपूतकन्या श्रीराजमतीसंग आफ्नो वैवाहिक सम्बन्ध भएको कुरा पनि उल्लेख गरेका छन् । उहिलेका राजाहरूले बाहिरका खानदान रजपूतकी छोरीबेटीसंग सम्बन्ध बाँध्नुमा आफूलाई गौरव सम्झन्थे । यो परम्परा शाहकालीन राजा त्रिभुवनका पालासम्म पनि थियो । प्रतापमल्लका शशुराखलक कूचविहारका कोचराजवंशी हुन् । ती कोचराजवंशीलाई महाभारतकालका राजा विराटका साला कीचकको वंशज भन्दछन् । यसरी प्रतापमल्लले विहारका र पुनः कर्णाटका राजवंशीसंग वैवाहिक सम्बन्ध देखाएको स्पष्ट छ । त्यसकारण प्रतापमल्ल तथा सिद्धिनरसिंहमल्लहरू मल्ल राजवंशी हुन् भन्ने सिद्ध छ ।

अर्को कुरा नेपाल उपत्यकामा तलेजु ल्याउने हरिसिंहदेव हुन् भन्ने व्यापक कथन छ । त्यसबारे एउटा ऐतिहासिक टिपोट 'संस्कृत स देश' प्रथम वर्षको ५ अङ्कमा प्रकाशित छ । उक्त टिपोटमा हरिसिंहदेवले तलेजू लिएर आउँदा बाटोमा संकष्ट परी किसानलाई सुवाल भान्छे बनाई तलेजूलाई भुजा चढाएको कुरा उल्लेख गरेको छ । बाटोमा उक्त संकष्ट परेको कुरा गयासुद्दीन तुगलकको आक्रमणले भागेर आउँदा टिपाटनमा हरिसिंहदेवको मृत्यु भएको घटनाको संकेत हो । तुगलकको आक्रमणको संकेत अरू वंशावलीकारले पनि गरेका छन् । त्यसैले हो कि अद्यापि भक्तपुरमा तलेजूलाई भुजा पकाउने मान्छे सुवाल छन् ।

अयोध्याबाट सर्वप्रथम नान्यदेवले तलेजू ल्याए भन्ने वंशावलीकारहरूको भनाइ छ । तलेजू भवानीले राँगो भोगवली लिएका हुनाले तलेजूमा राँगो काट्ने चलन छ । तलेजूमा राँगो काट्ने एक थरी जाति खड्गी छन् । तो खड्गी जाति कसाहो नायर देशबाट साथ लागी आएका हुनसक्छन् । त्यसैले कसाहीलाई नेवारीमा नाय् भन्दछन् । हरिसिंहदेव सिमरौनगढबाट भागेर आउँदा साथ लागी आएका भारोको वंशज लेलेमा बसोबास गरी बसेका थिए । तो वंशजले शिवहरोश्वर स्थापना गरेको लेलेको शिलापत्र मोहनप्रसाद खनालको मध्यकालीन अभिलेखमा प्रकाशित छ ।

लिच्छविकालमा ब्राह्मणदेखि लिएर चाण्डालसम्मका १८ जात थिए । तिनमा ब्रह्मुङ सुल्मुङ तेपुल भन्ने जातको उल्लेख पाइएको छ । त्यसमा विस्तार विस्तार समाज थपिदै गएर मल्लकालमा समाजको विकास भयो र ४ वर्ण ३६ जात भए । तिनमा उत्तम काम गर्ने मारोहरूले श्रेष्ठ भन्ने पदवी पाएथे । पछि गएर श्रेष्ठ भन्ने एक थरी समाजै भयो । तो श्रेष्ठ समाजमा पनि विभिन्न कार्य विभाजन अनुसार ज्योतिषी काम गर्ने जोशी, आचार्यको काम गर्ने आचाजू, भण्डारको काम गर्ने भण्डोल आदि थर बने । सर्वप्रथम जातिको कानूनी कार्यविभाजन स्थितिमल्लले गरेका हुन् । पाटनका नरसिंहमारो तथा पुरन्दरसिंहले एवं भक्तपुरका सहस्रराम बाबुले, कान्तिपुर ह्लैकन्तलाका धनसिंबाबुले बनेपाका प्रेमबहादुरले आफूलाई राजवंशी भनी थर उल्लेख गरेको कुरा शिलापत्र तथा ताडपत्रमा पाइएको छ । तिनीहरू श्रेष्ठसमाजमा मिलेका छन् । कारण संस्कृति

